जुलाई 26, 2023

प्रिय जेफ्को पब्लिक स्कूल्स (Jeffco Public Schools) कर्मचारी एवम् परिवारहरू,

कोलोराडो मतदाताहरूद्वारा सबैको लागि स्वस्थ स्कूल भोजन [Healthy School Meals for All (HSMA)] कार्यक्रमलाई पारित गरिएको हुनाले अब राष्ट्रिय स्कूल दिउँसोको भोजन कार्यक्रम (National School Lunch Program)-मा भाग लिइरहेको स्कूलमा उपस्थित हुने जेफ्को पब्लिक स्कूल्स (Jeffco Public Schools)-का सबै विद्यार्थीहरूले 2023-24 स्कूल वर्षको प्रारम्भदेखि **विना कुनै मूल्य** स्वस्थ साथै पोषक भोजन प्राप्त गर्न सक्नेछन् अनि यसमा **आम्दानीसम्बन्धी पात्रता आवश्यक ठहरिने छैन**। 2023-24 स्कूल वर्षमा विद्यार्थीहरूको लागि के-कस्तो भोजन सेवा उपलब्ध हुनेछ, त्यसबारे जान्नको लागि यो वेबपृष्ठ हेर्नुहोस्।

**परिवारहरूलाई भोजन सुविधा आवेदन (Meal Benefits Application) पूरा गर्नको लागि अझै पनि प्रोत्साहित गरिन्छ**

परिवारहरूको लागि भोजन सुविधा आवेदन (Meal Benefits Application) पूरा गर्ने आवश्यकता छैन; यद्यपि, सबै परिवारहरूलाई आवेदन गर्नको लागि **जोडदार ढङ्गमा प्रोत्साहित गरिन्छ**।

- भोजन सुविधा आवेदन (Meal Benefits Application) पूरा गरेको खण्डमा, यसले स्कूलहरू निम्ति थप शैक्षिक कोष प्राप्त गर्नमा सहायता पुऱ्याउनेछ तथा स्कूल-सम्बद्ध शुल्कहरूको त्यागको लागि मार्ग प्रशस्त गर्न सक्छ।
- **अहिले यो आवेदन स्कूल क्याफे (School Café)-मा उपलब्ध छ।**
    - तपाईंले School Café-मा लग इन गर्नुपर्नेछ अथवा एक नयाँ School Café एकाउन्ट खोल्नुपर्नेछ; तपाईंको एकाउन्ट हुनु आवश्यक छ अनि एक अतिथिको रूपमा शायद तपाईंले आवेदन पूरा गर्न सक्नुहुने छैन।
    - एकपल्ट तपाईंले लग इन गर्नु भएपछि, स्क्रीनको देब्रेपट्टि (*Benefits* अन्तर्गत) ***Apply*** चयन गर्नुहोस् अनि यसले तपाईंलाई भोजन सुविधा आवेदन (Meal Benefits Application)-मा लैजानेछ।
- भोजन सुविधा आवेदन (Meal Benefits Application) मार्फत उपलब्ध गराइएका घर-परिवारको आम्दानीसम्बन्धी सबै जानकारीलाई निश्चित रूपमा गोपनीय राखिनेछ साथै कानुनद्वारा यो संरक्षित हुनेछ। **कृपया ध्यान दिनुहोस्:** *घरका सबै विद्यार्थीहरूको लागि केवल एक आवेदन आवश्यक छ। SNAP, TANF, अनि FDPIR जस्ता कार्यक्रमहरू मार्फत सुविधाहरू प्राप्त गरिरहेका परिवारहरूले भोजन सुविधा आवेदन (Meal Benefits Application) पूरा गर्ने आवश्यकता छैन।*
- हुन त, अनलाइन आवेदनहरूलाई प्राथमिकता दिइनेछ, तर कागजी आवेदनहरू पनि तपाईंको विद्यार्थीको स्कूल साथै Food & Nutrition Services कार्यालय - 809 Quail St., Building 1, Lakewood-मा, सोमबार-शुक्रबार बिहान 7:30 बजीदेखि – अपराह्न 3:30 बजीसम्म उपलब्ध हुनेछ।
- आवेदनहरूको सम्बन्धमा प्रश्नहरू छन् भने, FreeandReduced@jeffco.k12.co.us-मा Lorena Gomez-Vazquez, Free & Reduced Specialist, Food and Nutrition Services-सित सम्पर्क गर्नुहोस्।

**कतिपय स्कूलहरूले भोजन सुविधा आवेदन (Meal Benefits Application)-लाई स्वीकार गर्ने छैनन्।**

- **भोजन सेवाहरू उपलब्ध नगराउने स्कूल-मा** पढ्ने कुनै पनि विद्यार्थीका परिवारहरूले राष्ट्रिय स्कूल दिउँसोको भोजन र बिहानको खाजा (National School Lunch and Breakfast) कार्यक्रमहरू मार्फत एक छुट्टै पारिवारिक आर्थिक डेटा सर्वेक्षण (Family Economic Data Survey) आवेदन पूरा गर्नुपर्नेछ।
- निम्न स्कूलहरूको लागि एक छुट्टै पारिवारिक आर्थिक डेटा सर्वेक्षण (Family Economic Data Survey) आवेदन आवश्यक छ:
    - कम्पास मन्टेसरी स्कूल (गोल्डन र व्हीट रिज) [Compass Montessori School (Golden and Wheat Ridge)]
    - होप एकाडेमी एट कलेजिएट (HOPE Academy at Collegiate)
    - जेफ्को रिमोट लर्निङ्ग प्रोग्राम [Jeffco Remote Learning Program (JRLP)]
    - जेफ्को भर्चुअल एकाडेमी (Jeffco Virtual Academy)
    - रकि माउन्टेन एकाडेमी अफ एभरग्रीन (Rocky Mountain Academy of Evergreen)
    - टू रोड्स चार्टर स्कूल (Two Roads Charter School)
- पारिवारिक आर्थिक डेटा सर्वेक्षण (Family Economic Data Survey) आवेदन पूरा गर्ने तरिकाबारे जानकारी निम्ति कृपया तपाईंको विद्यार्थीको स्कूलसित सम्पर्क गर्नुहोस्।
- राष्ट्रिय स्कूल दिउँसोको भोजन र बिहानको खाजा (National School Lunch and Breakfast) कार्यक्रमहरू वा आवेदनहरूको सम्बन्धमा अन्य कुनै पनि प्रश्नहरूको लागि Katie Jeter, Director of Resources, Food & Nutrition Services-सित, katie.jeter@jeffco.k12.co.us-मा सम्पर्क गर्नुहोस्।

*टिप्पणी: यदि तपाईंसित भोजन सेवाबारे प्रश्नहरू छन् भने, कृपया तपाईंको विद्यार्थीको स्कूलमा फोन गर्नुहोस्। परिवारहरू, विना कुनै शुल्क, दोभासे सेवाहरूको हकदार छन्, यसकारण तपाईंले फोन गर्नुहुँदा स्कूललाई दोभासेलाई पनि सामेल*

*गराउनको लागि अनुरोध गर्न सक्नुहुन्छ। चार्टर स्कूल परिवारहरू, अधिक जानकारीको लागि कृपया आफ्नो स्कूलमा सोधपुछ गर्नुहोस्।*

भवदीय,

जेफ्को पब्लिक स्कूल्स (Jeffco Public Schools)